annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११०, पृष्ठ ८ | काठमाडौं, मंगलबार २ भदौ २०८३ | श्रावण शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४६ | TUESDAY, AUGUST 18, 2026 | मूल्य : रु. १०

अन्नपूर्ण डायलग

# सिंहदरबारले अधिकार दियो, हस्तक्षेप गर्न छाडेन

संविधानले दिएको अधिकार र नागरिकका असीमित अपेक्षाबीच स्थानीय सरकार जनताको घरआँगनको सरकारका रूपमा स्थापित छ। सीमित बजेट कटौती, कानुनी झन्झट झेल्दै पनि महामारीको संकटदेखि दूरदराजमा विकास पुऱ्याउनेसम्म स्थानीय सरकार नै नागरिकको पहिलो र बलियो सहारा बनेको छ।

विस्तृत पृष्ठ २

**राजन पौडेल**
नगर प्रमुख, जितपुरसिमरा उपमहानगरपालिका, बारा

**प्रकाश भण्डारी**
नगर प्रमुख, शारदा नगरपालिका, सल्यान

**बाबुराम खड्का**
अध्यक्ष, तुम्बेवा गाउँपालिका, पाँचथर

**मीनाकुमारी लामा**
नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका, मकवानपुर

स्थानीय तह प्रमुखहरू भन्छन्-

## नयाँ सरकार झनै संकुचित

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टीको दुईतिहाइको सरकारको स्थानीय तह र प्रदेशलाई हेर्ने दृष्टिकोण अझ संकुचित रहेको स्थानीय तहका प्रमुखहरूले दाबी गरेका छन्। संविधानले संघ, प्रदेश र स्थानीय तहलाई अधिकार बाँडफाँट गरे पनि व्यवहारमा स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न प्रशासनिकदेखि वित्तीय तहसम्म अनेक समस्या भोगिरहेको उनीहरूको भनाइ छ।

स्थानीय तहका जनप्रतिनिधिहरूले संघीय सरकारका मन्त्रीहरूले समेत आफ्नो राजनीतिक स्वार्थअनुसार प्रदेश र स्थानीय तहलाई हेर्ने गरेको गुनासो गरेका छन्। सोमबार भएको अन्नपूर्ण डायलगमा स्थानीय तहका जनप्रतिनिधिले विशेषगरी आफू आबद्ध दलको सरकार नभएका प्रदेश र स्थानीय तहमा काम गर्न कठिन भएको भन्दै मन्त्रीहरूले नै सार्वजनिक अभिव्यक्ति दिने गरेको बताए। रास्वपाबाट मन्त्री बनेकाहरूले प्रदेश र स्थानीय तहमा आफ्नो दलको सरकार नभएकाले काम गर्न कठिन भएको बताउने गरेका छन्। यसले संघीयताको मूल मर्ममाथि नै प्रश्न उठाएको स्थानीय तहका जनप्रतिनिधि बताउँछन्। गैरदलीय स्थानीय तहको मुद्दा बोलेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मन्त्रीहरू प्रदेश र स्थानीय तहको चुनाव लागिसकेको छ। उनीहरूले पटक-पटक प्रदेश र स्थानीय तहमा आफ्नो सरकार नभएकाले काम गर्न समस्या भइरहेको बताइरहेका छन्। उनीहरूले स्थानीय तह र प्रदेश सरकारमाथि दोषारोपण गरेर आफू जिम्मेवारीबाट पन्छिने काम गरिरहेका छन्। सुनसरीदेखि मधेस प्रदेशसम्म हिंसा भड्किएपछि गृहमन्त्री सुधन गुरुङले स्थानीय तह र प्रदेश सरकारमाथि खनिएका थिए। स्थानीय तह र प्रदेशमा आफ्नो सरकार नभएको कारण काम हुन नसकेको भाष्य निर्माण गरिरहेका छन्।

स्वास्थ्यमन्त्री निशा मेहताले पनि मधेस प्रदेशमा पुगेर भनेकी थिइन्, 'स्थानीय तह र प्रदेश सबैमा हाम्रा मान्छे जिताइदिनुपऱ्यो अनि मात्रै हामी काम गर्न सक्छौं।' पाँचथरको तुम्बेवा गाउँपालिकाका अध्यक्ष बाबुराम खड्काले जनप्रतिनिधि दलको प्रतिनिधि भए पनि निर्वाचित भएपछि जनताको प्रतिनिधि बन्नुपर्ने बताए। 'हामी पनि दलको प्रतिनिधि भएर निर्वाचित भएका हौं। तर, निर्वाचन जितेपछि जनताको प्रतिनिधि हौं,' उनले भने, 'राम्रो नीति बनाएर कार्यान्वयन गर्न खोज्दा कसैले रोक्दैन।' उनले राजनीतिक दलका पुराना शैली परिवर्तन गर्नुपर्ने बताए।

'अब ३५-३५ वर्षको पुरानो गीत गाएर हुँदैन, नयाँ गीत बजाउनुपर्छ,' उनले भने, 'त्यो गीतले सत्ता पायो। अब नागरिकको आशा र अपेक्षाअनुसार काम गर्नुपर्छ।' स्थानीय तहका जनप्रतिनिधि भने संघीय सरकारका मन्त्रीहरूलाई भेट्न सिंहदरबार धाउनुपर्ने अवस्था रहेको बताउँछन्। प्रधानमन्त्रीदेखि विभागीय मन्त्रीसम्मलाई भेटेर स्थानीय तहका समस्या सुनाउनुपर्ने अवस्था संघीयताको कार्यान्वयनमा देखिएको विरोधाभास भएको उनीहरूको भनाइ छ।

» बाँकी पृष्ठ ६

अबिच्युरी

## फूलको संसार छोडेर बिदा भए दुर्गालाल

**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*

भुइँमान्छेका दुःख र जीवनदर्शन अँगाल्ने स्रष्टा दुर्गालाल श्रेष्ठ आइतबार राति साढे १० बजे फूलको संसार छोडेर सदाका लागि बिदा भएका छन्। नेपाली र नेपालभाषा (नेवारी) साहित्यका सर्वोच्च धरोहर 'जनकवि' श्रेष्ठको भौतिक शरीर अब हामीमाझ रहेन। उनको निधनले सम्पूर्ण नेपाली वाङ्मय, कला क्षेत्र र भाषिक आन्दोलनमा अपूरणीय क्षति पुगेको छ।

सरलताभित्र गहिरो दर्शन समेटेर गीत र कविता लेख्न खप्पिस श्रेष्ठ केवल स्रष्टामात्र होइनन्, नेपाली समाजको एउटा सजीव इतिहास, युगको आवाज र सीमान्तकृत वर्गका सच्चा सारथि थिए। भुइँमान्छेका दुःख, समाजका विसंगति र जीवनको गहिरो दर्शनलाई अत्यन्तै सरल शब्दमा उनेर उनी आम मानिसको हृदयमा बस्न सफल मानिन्छन्। उनका कालजयी सिर्जनाहरूले उनलाई सदैव अमर राख्ने नजिकबाट चिन्ने स्रष्टाहरू बताउँछन्। जनकवि श्रेष्ठका १ सय २५ जति कृति थिए भने उनका प्रकाशित कृति संख्या करिब ८५ छ, जसमध्ये बालसाहित्यका २२ वटा छन्।

» बाँकी पृष्ठ ६

## मुद्दा र पक्राउको त्रासमा बैंकिङ क्षेत्र

### कर्जा प्रवाह ठप्प हुने जोखिम

**अन्नपूर्ण** | *काठमाडौं*

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बैंकका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलाई धमाधम पक्राउ गरी अनुसन्धान गर्ने र मुद्दा चलाउने क्रम बढाएको छ। नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) र प्रभु बैंकसहितका सञ्चालकमाथि अहिले पनि मुद्दा चलिरहेको छ।

एनआईएमबीले स्मार्ट टेलिकमको कर्जा असुलीका क्रममा गरेका कामलाई लिएर सीआईबीले ठगी, संगठित अपराध र बैंकिङ कसुरसम्बन्धी अनुसन्धान अघि बढाएकोमा गम्भीर आपत्ति जनाएको छ। बैंकले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकको निर्देशन र बैंकिङ अभ्यासअनुसार नै कर्जा असुली अघि बढाएकाले यी आरोपहरू निराधार रहेको जिकिर गरेको छ।

बैंकका अनुसार स्मार्ट टेलिकमले कर्जा नतिरेपछि सुरक्षित कारोबार ऐन, २०६३ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम दूरसञ्चारका उपकरण, टावरलगायतका सम्पत्ति लिलाम बिक्रीको प्रक्रिया अघि बढाइएको हो। त्यसअघि ३५ दिने र पछि १५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको बैंकको दाबी छ। लिलामबाट प्राप्त रकममध्ये उपकरण तथा टावर जडित घरजग्गाधनीलाई बुझाउनुपर्ने भाडा र विद्युत् महसुलबापत करिब ३८ करोड रुपैयाँ छुट्ट्याएर बैंकको 'अर्नेस्ट मनी अक्सन अकाउन्ट'मा सुरक्षित राखिएको छ।

घरजग्गाधनीलाई तिर्नुपर्ने आधिकारिक प्रमाण नआएसम्म रकम वितरण गर्न नमिल्ने भएकाले सो रकम खातामै रहेको र सीआईबीले उक्त खाता रोक्का गरेको बैंकले जनाएको छ।

आधिकारिक प्रमाण नआई रकम वितरण गर्न नसकिने स्थितिमा आफूमाथि ठगीको आरोप लगाइनु तथ्यहीन रहेको बैंकको दाबी छ। संगठित अपराधको आरोप अस्वीकार गर्दै बैंकले २०२५ जुलाई ४ को सञ्चालक समिति बैठकले धितो लिलाम गर्ने निर्णय गरेको जनाएको छ।

» बाँकी पृष्ठ ६